कम्पनी दर्ता नं.: ८००/२०५८/५९
नेरा. बैंक इजाजत नं.: घ/३/२०६२/६३

छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड
CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LTD.
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था)
"ग्रामिण विकासको आधार लघुवित्तको गुणात्मक विस्तार"

च.नं.: सामाजिक/२९/०८०/८१ मिति : २०८०।११।१३

# प्रेस विज्ञप्ती

## Global Money Week 2024 संचालन सम्बन्धमा ।

वालबालिका र युवाहरुमा वित्तीय अभिवृद्धि गर्दै वित्तीय ज्ञान, सीप र मनोवृत्तिको विकास गर्ने उद्देश्यको साथ Organization of Econoic Cooperation and Development (OECD) को संयोजनमा सन् २०१२ देखि हरेक वर्ष 'ग्लोबल मनी विक (Global Money Week-GMW)' विश्वभर मनाउने गरिएको छ । यसै सन्दर्भमा २०२४ मार्च १८ देखि २४ (२०८० चैत्र ५ देखि ११) सम्म 'Protect Your Money, Secure Your Future' भन्ने नाराका साथ Gobal Money Week को १२ औं शृङ्खला मनाउन लागिएको अवसरमा यस वित्तीय संस्थाले लघुवित्त कार्यक्रममा आवद्ध ग्राहकका छोराछोरी,किशोर/किशोरी तथा युवा/युवती, स्थानीय सर्वसाधारण, किसान तथा विधार्थीहरुमा वित्तीय शिक्षाको महत्वका बारेमा जागरण ल्याउने उद्देश्यले यो कार्यक्रम गर्न लागेको हो । वित्तीय ज्ञान,सीप,मनोवृति र व्यवहारमा परिवर्तन ल्याई वित्तीय सक्षमता अभिवृद्धिका माध्यमले विवेकशील वित्तीय निर्णय लिन सघाउने र आर्थिक समृद्धिमा योगदान गर्नु यो कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । विशेष गरी यस कार्यक्रममा बचत, विमा, विप्रेषण, शेयरलगानी, कर्जा, लघुउद्यम, पारिवारिक बजेट, नोटको जतन आदि विषयमा प्रशिक्षण गरिनेछ ।

**वित्तीय संस्थाले यस कार्यक्रमलाई देहाय बमोजिम सञ्चालन गर्ने योजना राखेको छ ।**

१. चैत्र ०५, २०८० सोमबार (18th March, 2024)
वित्तीय संस्थाको केन्द्रीय कार्यालय, प्रदेश स्तर तथा शाखामा कार्यरत कर्मचारीहरुद्धारा ग्लोबल मनी विक कार्यक्रम तथा वित्तीय सचेतना विषयमा अन्तरक्रिया कार्यक्रम गरिने, वित्तीय संस्थाको वेभसाइट तथा फेसबुक पेजमा **'Protect Your Money, Secure Your Future' Global Money Week-2024** सफल पारौं भन्ने नारा सहितको व्यानर पोष्ट गर्ने र त्यसलाई अत्यधिक मात्रामा सामाजिक संजालमा शेयर गरिनेछ ।

- ❖ शाखा कार्यालय, वर्णालु सिद्धिचरण न.पा ११, जिल्ला विकास सभा हलमा ग्लोबल मनी विक कार्यक्रम गरिने,
- ❖ शाखा कार्यालय, कुस्मा, कुस्मा न.पा.५, पर्वत, युनिभर्सल पार्टी प्यालेसमा ग्लोबल मनी विक कार्यक्रम गरिने,
- ❖ शाखा कार्यालय, सहजपुर, चुरे गाउँ पालिका ६, फलटुडेमा ग्लोबल मनी विक कार्यक्रम गरिने,

२. चैत्र ०६, २०८० मंगलवार (19th March, 2024)

- ❖ शाखा कार्यालय, कटारी, कटारी न.पा ४, होटेल मजेस्टी, कटारी बजारमा मनी विक कार्यक्रम गरिने ।
- ❖ शाखा कार्यालय, ठुलीपोखरी, कुस्मा न.पा.१२, जनता सुदर्शन क्यापस, ठुलीपोखरी टोलमा मनी विक कार्यक्रम गरिने ।
- ❖ शाखा कार्यालय, निगाली बडिकेदार गाउँ पालिका १, विपिनगरमा मनी विक कार्यक्रम गरिने ।
- ❖ शाखा कार्यालय, विर्तामोड, बिर्तामोड नगरपालिकामा मनी विक कार्यक्रम गरिने ।

३. चैत्र ०७, २०८० बुधबार (20th March,2024)

- ❖ शाखा कार्यालय, गाईघाट त्रियुगा न.पा.३ मोतिगडामा मनी विक कार्यक्रम गरिने ।
- ❖ शाखा कार्यालय, बुटवल, बुटवल न.पा.८, सुख्खानगर

४. चैत्र ०८, २०८० विहिबार (21st March,2024)

- ❖ शाखा कार्यालय, सिन्धुली, कमलामाई न.पा.११, जरायोटारमा मनी विक कार्यक्रम गरिने ।
- ❖ शाखा कार्यालय, सिमरा, बारा जीतपुर सिमरा २, मा मनी विक कार्यक्रम गरिने ।
- ❖ केन्द्रीय कार्यालय, काठमाडौं, मध्य वानेश्वरको काठमाडौंको आयोजनामा, श्री रत्न राज्यलक्ष्मी मा.वि.को प्राङ्गणमा मनी विक कार्यक्रम गरिने ।

५. चैत्र ०९, २०८० शुक्रवार (22nd March,2024)

- ❖ शाखा कार्यालय, मेचिनगर, झापामा मनी विक कार्यक्रम गरिने ।
- ❖ शाखा कार्यालय, सिन्धुली, कमलामाई न.पा. ११, धुराबजारमा मनी विक कार्यक्रम गरिने ।
- ❖ केन्द्रीय कार्यालय, काठमाडौँको आयोजनामा, श्री समता स्कुल मा.वि.,बौद्धमा मनी विक कार्यक्रम गरिने ।

६. चैत्र १०, २०८० शनिवार (23rd March,2024)

- ❖ शाखा कार्यालय, भिमान, सिन्धुली जिल्ला, कमलामाई न.पा.११, दोभान टोलमा मनी विक कार्यक्रम गरिने ।

७. चैत्र ११, २०८० आइतवार (24th March,2024)

- ❖ शाखा कार्यालय, डकाहा, सिन्धुली जिल्ला, दुधौली ४, खनियाटोलमा मनी विक कार्यक्रम गरिने ।
- ❖ वित्तीय ज्ञान, सीप, मनोवृति र व्यवहारमा परिवर्तन ल्याई वित्तीय सक्षमता अभिवृद्धिका माध्यमले विवेकशील वित्तीय निर्णय लिन र आर्थिक समृद्धिमा योगदान पुऱ्याउने ज्ञान झल्काउने प्लेकार्ड सहित प्रत्येक आयोजित कार्यक्रमका सभ्य भव्यताका साथ कार्यक्रम सम्पन्न गर्ने ।

**Global Money Week - Financial Literacy Awareness Program Table of Content.**

- ❖ Introduction to Global Money Week 2024.
- ❖ Knowledge about Bank and Financial Institutions, Financial Literacy.
- ❖ Importance of Saving and Investment plans.
- ❖ Microfinance, & its contribution to the society with successful story.
- ❖ Preparation of Family Budget, Insurance, Remittance, and Care of paper money.
- ❖ Entrepreneurship Development.

यस वित्तीय शिक्षा कार्यक्रम संचालनले ग्राहक, अभिभावक, किसान, स्थानीय आम सर्वधारण,युवा/युवती तथा किशोर विद्यार्थीहरुमा वित्तीय व्यवस्थापन सम्बन्धी ज्ञानमा अभिवृद्धि हुनगई आर्थिक रुपमा सवल हुने, वचत गर्ने र सोलाई उचित प्रतिफल दिने क्षेत्रमा लगानी गर्ने वानीको विकास हुने, जोखिम न्युनीकरणको लागि वीमाको महत्वको बारेमा ज्ञान हासिल हुने उधमशिलता तर्फ अग्रसर हुने तथा पैसा र धनको उचित प्रयोग गरी समृद्धि तथा प्रगतिको बाटोमा अग्रसर हुने अपेक्षा गरिएको छ ।

**धन्यवाद**


Central Office : Mid Baneshwor, Kathmandu Tel No. 0977-01- 4595513, 4564853, Fax No. 4565785
E-mail : info@chhimekbank.org, website:www.chhimekbank.org